आज मिति २०८०/०२/२६ गते यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राईको अध्यक्षतामा उन्नाईसौं कार्यपालिका बैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

उपस्थितिहरु:

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| ११ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री योगेन्द्र राज गूरुङ्ग (प्र.प्र.अ.) | सदस्य सचिव | |
| १५ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |
| आमन्त्रीतहरु | | | |
| १ | युवराज ओली | प्रशासकीय अधिकृत | |
| | | | |
| | | | |

प्रस्तावहरु:

१. बजेटिङको समय तोक्ने सम्बन्धमा ।

२. स्थानीय राजश्व कर सम्बन्धमा ।

३. झोलुङ्गे पुलको सहभागीता रकम (लि.गा.पा.३, र ५) सम्बन्धमा ।

४. गाउँ पालिकाबाट सम्झौता भएको सम्पन्न हहुन बाँकी योजनाहरुको म्याद थप सम्बन्धमा ।

५. विरेन्द्रज्योती आ.वि. (१-८) पिप्ले विद्यालयको शिक्षक व्यवस्थापन सम्बन्धमा ।

६. यहि मिति २०८०/२/११ गतेको हावाहुरीले क्षती पुर्याएकालाई राहत दिने सम्बन्धमा ।

७. फौजी किरा तथा गाई, गोरुमा परेको लम्फी स्किन डिजिज व्यवस्थापन सम्बन्धमा ।

८. कार्यविधि संशोधन गर्ने सम्बन्धमा (एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९, लिम्चुङबुङ गाउँपालिकाको एक्साभेटर सञ्चालन कार्यविधि, २०७७ र लिम्चुङबुङ गाउँपालिकाको बस सञ्चालन कार्यविधि, २०७७) ।

९. भुक्तानी दिने सम्बन्धमा । (बुलेरो, BRAVOS International)

१०. V.O. गर्ने सम्बन्धमा (आ.वि. सिर्वानी) ।

११. स्थानीय पाठ्यक्रम आधारभुत तह (कक्षा६-८) पास गर्ने सम्बन्धमा ।

**समय माग गर्ने शाखाहरु,**

**क. शिक्षा शाखा**

a) अख्तियारबाट आएको पत्र सम्बन्धमा।

b) वालविकास शिक्षकहरुलाई १०-३ सम्म अध्यापन गर्न लगाउने सम्बन्धमा ।

**ख. योजना शाखा**

a) प्रदेश लोक सेवा आयोगसंग परामर्श माग गर्ने सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं १, लिम्चुङबुङ गाउँपालिकाको आ.व. ०८०/०८१ को बजेट निर्माणको लागि एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक मिति २०८०/३/३ गते बसी सोहि महिनाको ५ गते कार्यपालिका वैठकबाट स्वीकृत गरी ८ गते गाउँसभामा पेश गरी बजेट निर्माण कार्य सम्पन्न गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

निर्णय नं २, लिम्चुङबुङ गाउँपालिका अन्तर्गतको वडाहरुको क्षेत्राधिकार भित्र रहेको स्थानीय निकासी कर काट्नको लागि सम्बन्धित वडाहरुलाई नै जिम्मा दिने भनि निर्णय गरियो ।

निर्णय नं ३, यस प्रस्ताव नं छलफल गर्दा आगामी हिउँदे गाउँसभाबाट निर्णय गर्ने भनि निर्णय गरियो ।

निर्णय नं ४, राष्ट्रपति शैक्षिक सुधारबाट प्राप्त भएको योजनाहरुको म्याद थप गरिएको निर्णलाई अनुमोदन गर्ने भनि निर्णय गरियो ।

निर्णय नं ५, यस लिम्चुङबुङ गाउँपालिकाको वडा नं ३, बाराहाको पिप्लेमा रहेको वीरेन्द्र ज्योती आ.वि. (१-८) पिप्ले विद्यालयमा कार्यरत शिक्षक श्री राजन राउतलाई विद्यालयले अवकास गरेको कारण हाल रिक्त रहेको शिक्षक पदमा करारामा नियुक्ति गर्नको लागि अनुमति दिने भनि निर्णय गरियो ।

निर्णय नं ६, यहि मिति २०८०/२/११ गते चलेको हुन्दरीले क्षति पुर्याएको घरहरुमा त्रिपाल उपलब्ध गराउने र विद्यालयहरुमा आगामी आ.व. मा दायित्व बहन हुने गरी प्राविधक शाखाबाट लागत अनुमान तयार गरी हाललाई विद्यालयहरुले नै जस्ता खरिद गर्न जिम्मा दिने भनि निर्णय गरियो ।

निर्णय नं ७, हाल लामो समय देखि चलिरहेको खडेरीले उत्पन्न भएको मकैमा लाग्ने फौजी किरा लाई व्यवस्थापन गर्नको लगी कृषि विकास शाखामा आगामी आ.व. मा जिम्मेवारी वहन हुने गरि रु, १००,०००।०० र हाल नेपाल भरी महामारीको रुपमा उत्पन्न भईरहेको लम्फी स्कीन डिजिड लाई व्ववस्थापन गर्नको लागि १५००,०००।०० रुपैया व्यवस्थापन गर्ने भनि निर्णय गरियो ।

निर्णय नं ८, यस गाउँपालिकाले तयार गरेको (एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९, लिम्चुङबुङ गाउँपालिकाको एक्साभेटर सञ्चालन कार्यविधि, २०७७ र लिम्चुङबुङ गाउँपालिकाको बस सञ्चालन कार्यविधि, २०७७) संशोधन गर्ने भनि निर्णय गरियो ।

निर्णय नं ९, यस गाउँपालिकाले खरिद गरेको बोलेरोको वील अनुसारको भुक्तानी दिन बाँकि रहेको रकम र BRAVOS International ले यस गाउँपालिकाको सामुदायिक विद्यालयहरुलाई हस्तान्तरण

गरेको विद्यालय स्वचालनको भुक्तानी कार्यपालिकाको निर्णय अनुसार भुक्तानी गर्ने भनि निर्णय गरियो ।

निर्णय नं १०, यस गाउँपालिकाको लागि चालु आ.व. मा राष्ट्रपति शैक्षिक सुधार कार्यकर्म अन्तर्गत श्री महेन्द्र दीप मा.वि. (१-१२) ताम्लिछा र श्री आ.वि. (१-८) तमारो रातपाटे श्रीवानी विद्यालमा ४ कोठे भवन निर्माणको लागि प्राप्त बजेटबाट ठेक्का आह्वान गरी भवन निर्माण कार्य भईरहेको र उक्त भवन निर्माण गर्ने क्रममा केही Item छुटेको हुँदा V.O. गर्ने भनि निर्णय गरियो ।

निर्णय नं ११, यस गाउँपालिकाले तयार गरेको स्थानीय पाठ्यकर्म आधारभुत तह कक्षा (६-८) पास गर्ने भनि निर्णय गरियो ।

समय माग गर्ने शाखाहरु:

क. शिक्षा शाखा,

a) मिति २०८०/२/१६, च.नं १०१९ सहित शिक्षा विकास तथा समन्वय ईकाइ मार्फत अख्तियारको पत्रमा आवश्यक छलफल गर्दा प्रदेश लोकसेवा आयोगबाट कर्मचारी आए पश्चात शिक्षा शाखामा कार्यरत कर्मचारी श्री विनोद राईलाई फिर्ता गर्ने भनि निर्णय गरियो ।
b) यस गाउँपालिका भित्र रहेका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत वालविकास सहजकर्ताहरु हाल सम्म १०-१ बजे सम्म कार्यालय समयमा खटि आएको र विद्यालयको पठन पाठनको अवस्थालाइ ध्यान गर्दै १०-४ बजे सम्मको पुरा समय अध्यापन गर्नलाई खटाउने साथै १०-१ बजे सम्म वाल विकास केन्द्रमा तथा बाँकि समय निजको क्षमता तथा कार्यदक्षता अनुसार विद्यालय प्रशासनले अरु कक्षामा पठनपाठनमा खटाउनको लागि शिक्षा शाखालाई पत्राचार गर्नको लागि जिम्मा दिने भनि निर्णय गरियो ।

योजना तथा प्रशासन शाखाः

a) यस गाउँपालिकाले तयार गरेको कर्मचारीको तह वृद्वि सम्बन्धी कार्यविधी, २०८० लाई प्रदेश लोकसेवा आयोग कोशी प्रदेश, विराटनगरमा परामर्शको लागि पठाउने भनि निर्णय गरियो ।